आज मिति २०७२/१२/२४ गते जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष श्री राम बहादुर कुरुम्बाङ्ग ज्यूको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समितिको बैठक बस्यो । उपस्थिति एवं निर्णय देहाय बमोजिम छ।

उपस्थिति :-

अध्यक्ष श्री राम बहादुर कुरुम्बाङ्ग
माननिय सांसद श्री विमला विक

सदस्य जि.स.स. प्रमुख श्री शंकर थारु
" जि.स.स. उपप्रमुख श्री मान बहादुर विष्ट
नेपाल कम्युनिष्ट पार्टीका पार्टी प्रतिनिधि श्री :- लक्ष्मी प्र. शर्मा
नेपाली काङ्ग्रेसका पार्टी प्रतिनिधि श्री : जीवन मल्ल
संघिय समाजवादी फोरमका प्रतिनिधि श्री : कृष्ण प्रसाद यादव
राष्ट्रिय जनता पार्टीका प्रतिनिधि श्री : केशव कुमार यादव
गुलरिया नगरपालिकाका ~~प्रमुख~~
राजापुर नगरपालिकाका :
मधुवन नगरपालिकाका :
बाँसगढी नगरपालिकाका : उपप्रमुख सुषमा चौधरी
ठाकुरबाबा नगरपालिकाका :
बारबर्दिया नगरपालिकाका : हेड क.लि.क.
बढैयाताल गाँउपालिकाका :
गेरुवा गाँउपालिकाका :
जिल्ला प्रहरी कार्यालयका : प्रहरी उपरिक्षक श्री सुरेन्द्र प्र. मैनाली
सशस्त्र प्रहरी बल नेपाल ३१ नं. है.प्र.का. प्रहरी उपरिक्षक श्री कृष्ण कोइराला
राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका : प्र.अ.अधि. ओपेन्द्र रावत
भैरव प्रसाद गण सुरक्षा गुल्मका प्रमुख सेनानी उपेन्द्र पुडासैनी
नेपाल पत्रकार महासंघका अध्यक्ष श्री राजेन्द्र ढिताल
नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बर्दिया : श्री कृष्ण प्र. गौतम
उद्योग बाणिज्य संघ गुलरिया प्रतिनिधि
गैसस महासंघका जिल्ला श्री विष्णु प्रसाद तिमिल्सीना
थरुई क्षितिज आयोजनका अयोजनका
पूर्ण शर्मा ने.क.पा. जिल्ला
लक्ष्मी गुप्ता माटेला संजाल
उमेश सुवेदी . गुलरिया खानेपानी उपभोक्ता तथा सरसफाई समिति गुलरिया
रिमा वि.क. दलित महिला उत्थान केन्द्र [illegible]

(उपस्थिति) जिल्ला DEOC बैठक

गीता वि.क. कर्णेया महिला जागरण समाज नेपाल
तोला यादव अन्तर्राष्ट्रिय महिला संजाल
तारा बहादुर जरा (कर्णेया महिला जागरण समाज) नेपाल कार्यक्रम (संयोजक)
सितेश महतो (व.व.अ.) डिभिजन वन कार्यालय, बर्दिया
निवेश श्रेष्ठ, विश्व खाद्य कार्यक्रम, काठमाडौं
यज्ञ पुन " " " , सुर्खेत
बलराम पाँडेल स.प्र.अ. (जि.का.प्र.) दूरसंचार
जनक नाथ योगी जिल्ला अस्पताल बर्दिया
मोहन कुमार शर्मा स्वास्थ्य कार्यालय बर्दिया
ई. रमाकान्त चौधरी बबई, मादा, औरही नदी व्यवस्थापन आयोजना बर्दिया
सि.डि.ई. बसन्त राज पौडेल, बबई सि. आयोजना बर्दिया।
सि.डि.ई. तेज रिजाल, (राजापुर सिंचाइ व्यवस्थापन कार्यालय)
सि.डि.ई. कुशल गौतम डि. नवा सि.डि.डि. बर्दिया
इन्जिनियर त्रिलोचन भट्टराई नेपाल विद्युत प्राधिकरण, गुलरिया वितरण केन्द्र
प्रेम चौधरी - ActionAid Nepal/WRC कार्यक्रम अधिकृत
विष्णु प्रसाद शर्मा ActionAid Nepal/WRC स्रोत केन्द्र संयोजक
तीर्थ खड्का बाल अधिकार केन्द्र / जिल्ला सम्पर्क केन्द्र, बर्दिया
तेजमणि पन्त Anukulan, TWOC, बर्दिया।
परशु राम थारु (राधाकृष्ण थारु जनसेवा केन्द्र (RKJS) बर्दिया
लक्ष्मण रेग्मी बर्दिया ताल उद्योग वाणिज्य संघ कार्यकारी उपाध्यक्ष
रविन्द्र वंराल " " " महासचिव
चिरु लाल चौधरी जिल्ला प्रशासन कार्यालय गुलरिया बर्दिया
पुनकला श्रीवास्तव
कोलराज पुरी नेपाल कम्युनिष्ट पार्टी (एकिकृत) नगर अध्यक्ष
भिम बहादुर रावत DEOC रेडियो अपरेटर (पु. मानि)
नन्द किशोर चौधरी (DEOC) (स्वयंसेवक)
विमा झा का. स. जि. प्र. बर्दिया
डिकर प्रसाद थारु - प्रमुख जि. स. का. बर्दिया
सुवास वस्नेत आयोजना प्रमुख सं. आ. का. इ. वांको
हेमनाथ भुसाल इन्जिनियर " "

आवश्यक सामाग्री तथा तालीम सञ्चालन गर्ने । । सबै स्थानीय तहमा दमकलको व्यवस्था गर्न जोड गर्ने । त्यसका लागि वजेट माग गर्न प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१ः

जिल्लाको समग्र विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निमार्ण (DPRP) २०६८ को ९ औं अद्यावधिक २०७६ का लागि तपशिल वमोजिमका विषयगत क्षेत्र र अगुवाई गर्ने कार्यालय रहने निर्णय गरियो । साथै, जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको ९ औं अद्यावधिक २०७६ प्रयोजनका लागि विपद्बाट प्रभावित घरधुरी संख्या बीस हजार र कुल जनसख्या एक लाख हुने आंकलन गरियो ।

विषयगत क्षेत्रको विवरण र अगुवाई गर्ने कार्यालयः

| क्र.सं. | विषयगत क्षेत्र | अगुवाई गर्ने कार्यालय |
|---|---|---|
| १ | समन्वय तथा सूचना ब्यवस्थापन | जिल्ला प्रशासन कार्यालय / जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र |
| २ | खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय |
| ३ | गैरखाद्य सामग्री र शिविर ब्यवस्थापन | शहरी बिकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज |
| ४ | खाद्य तथा गोदाम ब्यवस्थापन | कृषि ज्ञान केन्द्र सर्म्पक कार्यालय |
| ५ | खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दांग, फिल्ड अफिस गुलरिया । |
| ६ | संरक्षण | स्थानीय तह महिला तथा बालबालिका शाखा |
| ७ | स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय, बर्दिया |
| ८ | आपतकालिन शिक्षा | शिक्षा बिकास तथा समन्वय ईकाई |
| ९ | पुनर्स्थापन तथा पुर्ननिर्माण | शहरी बिकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज |

निर्णय नं.२ः

जिल्ला विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) २०६८ को ९ औं अद्यावधिक २०७६ का लागि सवै स्थानीय तह तथा विषयगत क्षेत्रले आ-आफ्नो विपद् प्रतिकार्य योजना वैशाख पहिलो हप्ता भित्र तयार गरि जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा उपलब्ध गराउने साथै विपद् प्रतिकार्य योजना निमार्ण कार्यमा जिल्लाको अगुवाइ गर्ने संस्था DLSA को रूपमा रहेको एक्सन एड नेपाल तथा जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र र नेपाल रेडक्रस सोसाइटी वर्दियाले आवश्यक सहजिकरण गर्ने र वैशाख भित्र योजना तयार गर्नका लागि प्राविधिक सहयोग गर्न जिल्ला अगुवा संस्था एक्सन एड् नेपाल / कमैया महिला जागरण समाज नेपाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.३ः

गर्मी मौसम शुरू भैसकेकोले आगलागी, हावाहुरी तथा डढेलोका कारण विपद् आउन सक्ने हुदाँ त्यसको पुर्व तयारीका लागि सवै स्थानीय तह तथा विषयगत तहहरूले आगलागी तथा हावाहुरीको जोखीम न्युनिकरणका लागि उपयुक्त कार्ययोजना तयार गरि कार्य गर्ने । समुदाय, विद्यालयमा जनचेतनामुलक गतिविधि सञ्चालन गर्ने । नेपाल प्रत्रकार महासंघ वर्दियाको समन्वयमा स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका मार्फत आगलागी, हावाहुरीवाट जोगिन चेतनामुलक सन्देश प्रशारण गर्ने ब्यवस्था मिलाउने ।

निर्णय नं.४ः

आगलागी नियन्त्रणका लागि हाल जिल्लामा रहेका सवै दमकललाई तयारी अवस्थामा राख्ने । जिल्ला भित्र तथा छिमेकी जिल्लामा हुनसक्ने आगलागी, डढेलो नियन्त्रणका लागि अर्न्तरजिल्ला र अर्न्तरस्थानीय तह विच समन्वय गरि आगलागी र डढेलो नियन्त्रणको रणनीति तय गर्नेसाथै दमकलका कर्मचारीका लागि आवश्यक सामाग्री तथा तालीम सञ्चालन गर्ने । । सवै स्थानीय तहमा दमकलको ब्यवस्था गर्न जोड गर्ने । त्यसका लागि वजेट माग गर्न प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५ः

हाल प्रि मनसुन शुरू भैसकेको छ । बाढी, डुवानको जोखिम न्युनीकरण गरि बाढीका कारण हुनसक्ने जनधनको क्षति कम गर्न सबै सरोकारवालाहरूले आवश्यक पुर्वतयारी गर्न अनुरोध गर्ने । सबै स्थानीय तह, विषयगत क्षेत्र, सरोकारवाला सघसस्था, रेडक्रस, सयुक्त राष्ट्र सघिय कार्यालय, निजी क्षेत्रवाट २०७६ बैशाख अन्तिम साता हुने मनसुन पुर्वतयारी वैठकमा योजना पेश गर्ने ।

निर्णय नं.६ः

नमुना विद्यालय छनौटका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बाँसगढी ५ बर्दिया, जनसेवा माध्यमिक विद्यालय बारबर्दिया १०, मानपुर माध्यमिक विद्यालय राजापुर ६, अंशुवर्मा माध्यमिक विद्यालय बारबर्दिया ६, ध्रुव माध्यमिक विद्यालय गुलरिया ४, त्रिभुवन माध्यमिक विद्यालय बाँसगढी ८, त्रिभुवन माध्यमिक विद्यालय ठाकुरबाबा १ र एकप्रिय राठौर माध्यमिक विद्यालय गेरूवा २ बर्दियाका विद्यालय विपद् जोखीमका दृष्टिकोणवाट सुरक्षित भए नभएको सिफारिस माग भइ आएकोमा विपद जोखिमबाट सुरक्षित भएको भनि जिल्ला प्रशासन कार्यालयबाट भएको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ः

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्ग फिल्ड अफिस गुलरिया वर्दियावाट स्थानीयको माग वमोजिम वाढी प्रभावित क्षेत्रलाई प्राथमिकतामा राखी धारा (हातेनल्का) वितरण गर्न गुलरिया खानेपानी उपभोक्ता तथा सरसफाई समिति मार्फत गर्ने गरि अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ८ः

वारा र पर्सा जिल्लामा मिति २०७५ चैत्र १७ गते आएको हावाहुरीबाट प्रभावितहरूलाई सहयोग पुर्याउन अनुरोध गरि आएकोले सबै स्थानीय तहहरूबाट दुई दुई लाख उपलब्ध गराउने र जिल्लामा कार्यरत सवै कर्मचारीको तर्फवाट १ दिनको तलव राहत सहयोग स्वरुप उपलब्ध गराई सहयोग गर्ने । राजनैतिक दल, उद्योगी, ब्यापारी, समाजसेवी, नागरिक समाज, गै.स.स. लगायत सवैलाई विपद् ब्यवस्थापन समितिको तर्फवाट विपद्को घडीमा सहयोग उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो । राहत सहयोगको लागि विपद् ब्यवस्थापन सहायता कोषको खाता नं. १२६००१३०१३०१ (रा.बा.बैंक, कलैया) मा सहयोग रकम जम्मा गर्न सकिने जानकारी गराउने ।